नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

माइक्रो बस भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०।१०।११

**सिलबन्दी दरभाउपत्र नं.: CDC/०१/२०८०।८१**

१. कर्मचारी कार्यालयमा ल्याउने र लैजाने प्रयोजनको लागि देहायबमोजिमको रुटमा १५ सिट क्षमताको माइक्रोबस सञ्चालनका लागि पाठ्यक्रम विकास केन्द्र इजाजत प्राप्त सेवा प्रदायकहरूबाट **सिलबन्दी दरभाउपत्र** आह्वान गर्दछ।

   क. रुट १: ललितपुरको सातदोबाटो-कोटेश्वर-गट्ठाघर-सल्लाघारी-नलिञ्चोक पुगेर पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरसम्म।

   ख. रुट २ः काठमाडौंको बल्खु-कलंकी-नयाँबसपार्क-चाबहिल-कोटेश्वर-पेप्सीकोला-पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरसम्म।

२. सिलबन्दी दरभाउपत्र पेस गर्न इच्छुक र योग्य सेवा प्रदायकहरूले यस सिलबन्दी दरभाउपत्रसम्बन्धी थप जानकारीका लागि केन्द्रको टेलिफोन ०१६६३०५८८ मा सम्पर्क राख्न सकिने छ ।

३. सिलबन्दी दरभाउपत्र पेस गर्न इच्छुक सेवा प्रदायक (सम्बन्धित कम्पनी / फर्म) का नाममा पन्ध्र वर्षभन्दा कम पुराना कम्तीमा ३ (तीन) वटा माइक्रो बसको स्वामित्व हुनुपर्ने वा त्यस्ता सवारी साधन धनीहरुसँग २०८१ असार मसान्तसम्म यसै मापदण्डबमोजिमका सवारी साधन भाडामा लिने दिने गरी दुई पक्षीय सम्झौता भएको सम्झौताको प्रति र सोलाई पुष्ट्याँई गर्ने कागजात (दुवै पक्षका नियामानुसार फर्म/कम्पनी दर्ता, नवीकरण, कर चुक्ता र सवारी साधन दर्ता, नवीकरण, वीमा, प्रदुषण जाँच लगायत) पेस गर्नुपर्नेछ।

४. योग्य सेवा प्रदायकहरूले मिति २०८०।१०।२५ गते कार्यालय समय भित्र १,००० रुपियाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गरी सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्न सक्ने छन् ।

५. सिलबन्दी दरभाउपत्रहरू २०८०।१०।२६ गते १२:०० बजे भित्र पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्ततपुरमा दर्ता गर्नुपर्ने छ। उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका वा नियामानुसार रित नपुगेका दरभाउपत्र कारबाहीका लागि समावेश गरिने छैन ।

६. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू २०८०।१०।२६ गते दिउँसो २:०० बजे उपस्थित हुन चाहने सेवा प्रदायकका प्रतिनिधिहरूको रोहबरमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा खोलिने छ। दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना भई ४५ दिनको हुनेछ ।

७. सिलबन्दी दरभाउपत्रको साथमा रू. ३३,०००/- (तेत्तीस हजार) बराबरको रकम यस केन्द्रको कार्यालय कोडः ३५००२३३०१, कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको नाममा नेपाल बैङ्क लिमिटेड, कमल विनायकमा रहेको धरौटी खाता, खाता नम्बर ०१९०१०००००२००३००००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस केन्द्रको नाममा जारी भएको प्रचलित कानूनले तोकेको मान्य अवधि (दरभाउ खोल्ने मितिदेखि ७५ दिन) भएको बैंक जमानत पेस गर्नुपर्ने छ ।

८. यदि दरभाउपत्र खरिद गर्ने, पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साबिककै मितिदेखि गणना गरिने छ ।

९. कुनै वा सबै सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ ।

१०. सेवा सञ्चालन, लागु हुने मिति, लगायत अन्य आवश्यक व्यवस्था र सर्त दरभाउपत्रसम्बन्धी कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।